**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २५ अगस्त २०२६**
**समयः १८:५० - १९:०० बजे** *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- डिजिटल भुगतान क्रान्ति अन्तर्गत यूपीआईको 10 वर्ष पूरा।डिजिटल लेनदेनमा लगभग 13 हजार गुना वृद्धि भएको छ।

- सरकारले पश्चिम बंगाल सरकारलाई नागरिकता संशोधन अधिनियम अन्तर्गत सुनवाई गर्न र पात्र आवेदकहरूलाई नागरिकता प्रमाण-पत्र जारी गर्न अधिकार दिएको छ।

- कलकता उच्च अदालतले टिएमसी सांसद अभिषेक बनर्जी बिरूद्ध राज्य सरकारद्वारा दायर तीनवटा FIR तथा गिरफ्तारी मामिलामा 30 नवंबर सम्म राहत दिएको छ।

- भारतका जाँच एजेन्सीहरूले देशमा पाकिस्तानी खुफिया एजेंसी आईएसआई (ISI) को एक खतरनाक जासूसी नेटवर्कको भण्डाफोड गरेकोछ।

- नेपाली गोरखा समुदायहरूले देशका विभिन्न स्थानहरूमा स्वतंत्रता संग्रामी शहीद मेजर दुर्गा मल्लको बलिदान दिवस पालन गरि उहाँलाई श्रद्धाञ्जली अर्पित गरेका छन्।

**यूपीआई - दस वर्ष**

भारतमा डिजिटल भुक्तानी प्रणाली, **यूनिफाइड पेमेंट्स इंटरफेस** -यूपीआईको 10 वर्ष पूरा भएको छ। 2016 मा आजकै दिन यूपीआई सुरु गरिएको थियो। यूपीआईले यसको अभूतपूर्व व्यापकता र विश्वसनीयताको माध्यमले विश्वव्यापी मान्यता प्राप्त गरेको छ। यो प्रणाली अहिले एघार देशहरूमा कार्यरत छ।**यसमा फ्रान्स, सिंगापुर, युएई, श्रीलंका, भुटान र मरिसस जस्ता देशहरू सामेल छन्।** यूपीआई भारतको डिजिटल सार्वजनिक पूर्वाधारको सबैभन्दा सफल स्तम्भहरू मध्ये एक हो। यूपीआई मार्फत हुने कारोबारको मात्रामा लगभग 13 हजार गुणा वृद्धि भएको छ।वित्त मन्त्रालय अनुसार 2016-17 मा वार्षिक लेनदेनको मात्रा केवल एक करोड़ 78 लाख थी रुपियाँ थियो, जुन 2025-26 मा बढेर 24 हजार एक सय 62 करोड रुपियाँभन्दा बढी पुगेको छ।सोही अवधिमा, लेनदेनको मूल्य पनि सात हजार करोड़ रुपियाँबाट बढेर लगभग 314 लाख करोड़ रुपियाँ पुगेको छ। डिजिटल विभाजनको अन्तरलाई समाप्त गर्ने, वित्तीय समावेशणलाई बढ़ावा दिने र डिजिटल वित्तीय सेवाहरूमा पहुँच विस्तार गरेर, यूपीआईले देशभरिका व्यक्ति र समुदायहरलाई सशक्त बनाएको छ, साथै व्यापक आर्थिक सहभागितालाई पनि बढ़ावा दिईएको छ।

**पश्चिम बंगाल-सीएए**

केन्द्र सरकारले पश्चिम बंगाल सरकारलाई नागरिकता संशोधन अधिनियम - सीएए अन्तर्गत सुनुवाइ सञ्चालन गर्न र पात्र आवेदकहरूलाई नागरिकता प्रमाणपत्र जारी गर्न अधिकार दिएको छ।यस सम्बन्धमा केन्द्रीय गृह मन्त्रालयले एक राजपत्र अधिसूचना जारी गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले पत्रकारहरूलाई बताए अनुसार लगभग दुई लाख तीन हजार आवेदकहरू मध्ये अहिलेसम्म 23 हजार मानिसहरुलाई पात्र घोषित गरिएको छ र उनीहरूलाई नागरिकता प्रमाणपत्र जारी गरिएको

छ।रहल आवेदनहरूमा शीघ्र कारबाही गरिनेछ र सम्बन्धित जिल्ला मजिस्ट्रेटहरूको माध्यमले प्रमाणपत्र हस्तान्तरण गरिने मुश्यमन्त्रीले बताउनुभयो।मुख्यमन्त्रीले धार्मिक उत्पीडनका कारण बंगलादेशबाट भागेका मानिसहरूलाई सीएए अन्तर्गत नागरिकताको लागि आवेदन दिन आग्रह गर्नुभएको छ।

**कोलकात्ता र हावड़ा निगम चुनाव**

पश्चिम बंगाल प्रदेश अध्यक्ष समिक भट्टाचार्यले कोलकात्ता र हावड़ा महानगर निगम चुनावका लागि पार्टीका प्रभारी, संयोजक र सह- संयोजक नियुक्त गर्नु भएकोछ। कोलकात्ता महानगर निगम चुनावका लागि पार्टीको प्रभारी केन्द्रीय मंत्री डा.सुकान्त मजूमदारलाई बनाइएकोछ। सह प्रभारी प्रदेश उपाध्यक्ष अनिन्द्य बनर्जीलाई बढाइएकोछ। यसरी नै संयोजक तापस रोय र सहसंयोजक रितेश तिवारीलाई बनाइएकोछ। यसरी नै हावड़ा महानगर निगम चुनावका लागि पार्टी प्रभारी राज्यसभा सांसद राहुल सिन्हा अनि संयोजक संजय कुमार सिंहलाई बनाइएकोछ।

**अभिषेक बनर्जी**

कलकता उच्च अदालतले टिएमसी महासचिव तथा सांसद अभिषेक बनर्जीलाई ठूलो राहत दिएकोछ। अभिषेक बनर्जी बिरूद्ध राज्य सरकारले दायर गराएको तीनवटा FIR तथा गिरफ्तारी बिरूद्ध अभिषेक बनर्जीले कलकत्ता उच्च अदालत समक्ष गुहार गरेका थिए। अदालतले आगामी सुनवाई, 30 नवम्बर सम्म अभिषेक बनर्जीको गिरफ्तारीको कारवाही विरूद्ध रोक लगाएको छ। यद्धपि जाँचमा पूर्ण सहयोग गर्ने निर्देश पनि अभिषेक बनर्जीलाई दिएकोछ।

**आईएसआई**

भारतका जाँच एजेंसीहरूले देशमा पाकिस्तानी खुफिया एजेंसी आईएसआई (ISI) को एक खतरनाक जासूसी नेटवर्कको भण्डाफोड गरेकोछ। राजस्थान, पंजाब, दिल्ली र पश्चिम बंगाल सम्म ISI को नेटवर्क फैलिएको पत्तो लागेकोछ। दिल्ली पुलिसको पुलिस अपराध शाखा, पश्चिम बंगाल पुलिसको एसटीएफ (STF) र केंद्रीय खुफिया जाँच एजेंसीहरूले मिलेर यस जासूसी संजालमा सामेल हुनेहरू विरूद्ध ठूलो संयुक्त अभियान शुरू गरेकोछ। जाँचमा भारतीय सीमहरू पाकिस्तानमा सक्रिय रहेकोछ भेटिएकोछ। सुरक्षा एजेंसीहरू अनुसार भारतमा आम मानिसहरूको नाममा जारी मोबाइल सिम कार्ड, बांग्लादेश र नेपाल हुन्दै पाकिस्तान पुर्याइएको र त्यसले ह्वाटसैप नम्बर एक्टिभेट गरि भारतको महत्वपूर्ण, सम्वेदनशील र गोपनीय सैन्य र अन्य प्रतिष्ठानहरूको जानकारीहरू पाकिस्तान पुर्याउने काम गरिन्दै थियो। यसको लागि पाकिस्तानी हैण्डलरहरूले भारतमा कंट्रोल रूम सित जुड़ेका अधिकारिहरू र कर्मचारिहरूसित संपर्क बनाएर गोपनीय जानकारी हासिल गर्ने प्रयास गरेको आशंका छ। खुफिया जाँचमा पश्चिम बंगालको कूचबिहार र उत्तर दिनाजपुरका वासिन्दाहरुको नाममा जारी सीम पाकिस्तानमा एक्टिभेट रहेकोछ पत्तो लागेकोछ। पश्चिम बंगाल पुलिस अनुसार यी SIM कार्डहरूमा WhatsApp अकाउंट एक्टिवेट गरिएको थियो अनि त्यो ह्वाटसैपको लोकेशन पाकिस्तानको रावलपिंडी, लाहौर र कराची स्थित पाकिस्तानको सैन्य प्रतिष्ठानमा रहेको भेट्टाइएकोछ। जांचमा बांग्लादेश अनि नेपालका नागरिकहरुको संगलग्नता रहेको पत्तो लागेकोछ।यस मामिलामा दिल्लीबाट एक सॉफ्टवेयर इंजीनियर पश्चिम बंगाल निवासी प्रदीप्त बसुलाई गिरफ्तार गरिएको पनि पुलिसले बताएकोछ। केन्द्रीय गृहमंत्री अमित शाहले हालै सिलगढीमा भारत विरोधी गतिविधीहरूमाथि कठोर कारवाही र सीमा सुरक्षालाई बलियो बनाउन सुरक्षा एजेन्सीहरूसित महत्वपूर्ण बैठक गर्नु भएको थियो।

**बलिदान दिवस**

नेपाली गोरखा समुदायहरूले देशका विभिन्न स्थानहरूमा स्वतंत्रता संग्रामी शहीद मेजर दुर्गा मल्लको बलिदान दिवस पालन गरि उहाँलाई श्रद्धाञ्जली अर्पित गरेको समाचार प्राप्त भएकोछ। यस अवसरमा नयाँ दिल्लीको संसद भवन परिसरमा आयोजित एक कार्यक्रममा दार्जिलिंगबाट राज्यसभा सांसद र पूर्व विदेश सचिव श्री हर्ष वर्धन श्रृंगलाले मेजर दुर्गा मल्लको प्रतिमामा पुष्पांजलि अर्पित गरि वीर शहीदलाई उनको ८३औं बलिदान दिवसमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। वीर शहीद मेजर दुर्गा मल्लको सम्मानमा हरेक वर्ष २५ अगस्टका दिन बलिदान दिवस मनाइन्छ। उहाँ एक सम्मानित गोर्खा स्वतन्त्रता सेनानी तथा भारतको स्वतन्त्रता सङ्ग्रामका एक वीर योद्धा हुनुहुन्थ्यो। उहाँ नेताजी सुभाष चंद्र बोसको नेतृत्वमा इन्डियन नेसनल आर्मी (आईएनए)मा एक अधिकारी थिए अनि मातृभूमिको मूक्तिका लागि आफ्नो प्राणको आहुति दिनुभएको थियो। यस अवसरमा बोल्नु हुँदै श्री

श्रृंगलाले भन्नु भयौ - वीर शहीद मेजर दुर्गा मल्ललाई उहाँको अदम्य साहस, देशभक्ति र राष्ट्रप्रतिको सर्वोच्च बलिदानका लागि देशले सदैव स्मरण गर्नेछ। स्मरण रहोस दुर्गा मल्ल नेताजीको आजाद हिन्द फौजमा जासुसी अभियानमा छन्दा अंग्रेज सेनाले मणिपुरको मैरांगमा उहाँलाई पक्राउ गरेको थियो तथा 25 अगस्ट 1944-मा केवल ३१ वर्षको उमेरमा दिल्लीको लालकिला परिसरमा फाँसी दिएको थियो। प्रधानमंत्री नरेन्द्र मोदीले महान स्वतंत्रता संग्रामी मेजर दूर्गा मलको स्मारकको लालकिलामा अनावरण गरि श्रद्धासुमन अर्पित गर्नु भएको थियो। देशभक्ति, साहस र बलिदान गोर्खा समुदायका लागि सधैँ ठूलो गर्वको विषय बनेको छ र उहाँको जीवन तथा बलिदानले आउने पुस्तालाई पनि प्रेरणा दिइरहनेछ भनि श्री श्रृंगलाले बताउनु भएकोछ।

**लागूऔषध तस्कर गिरफ्तार**

यात्री बसमा सवार भएर लागूऔषध तस्करी गर्न खोजिरहेका एक व्यक्तिलाई स्पेशल टास्क फोर्स (एसटीएफ) ले पक्राउ गरेको छ।यस कारबाहीमा 300 ग्राम ब्राउन सुगर पनि बरामद गरिएको छ। पक्राउ परेका आरोपीको पहिचान मालदाको कालियाचक निवासी मोहम्मद अब्दुर रहमानको रूपमा गरिएको छ।
जानकारी अनुसार, मालदाको कालियाचकबाट सिलिगुडीसम्म यात्री बस मार्फत लागूऔषध ढुवानी गर्ने योजना थियो।

**शेर्पा मिट**

आगामी ग्लोबल शेर्पा मिट २०२६ को तयारी तथा समन्वयका लागि अखिल भारतीय शेर्पा बौद्ध संघ (AISBA) र विश्व शेर्पा संघ (GSA) को संयुक्त टोलीले २२ र २३ अगस्तमा कालिम्पोङ जिल्लाका विभिन्न शेर्पा किदुगहरूसँग भेटघाट तथा छलफल गरेको छ।

**********